# प्रेश विज्ञप्ति

नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७३।११।२५ गतेको निर्णय कार्यान्वयनको क्रममा आज मिति २०७४।०५।१९ गते नेपाल नागरिक उड्डयन प्राधिकरण संचालक समितिको ३३६औं बैठकको अवसरमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्वन्धमा एक समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने कार्य सम्पन्न भयो । माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री जितेन्द्र नारायण देवको समपस्थितमा भएको समझदारी पत्रमा नेपाल नागरिक उड्डयन प्राधिकरणका तर्फबाट महानिर्देशक श्री संजिव गौतम र नेपाली सेनाको तर्फबाट इन्जिनियरिङ्ग विभाग जंगी अड्डाका उपरथी श्री योगेन्द्र बहादुर खाँडले हस्ताक्षर गर्नु भयो । बारा जिल्लाको कोल्हवी र सिमरा जितपुर नगरपालिका क्षेत्रमा पर्ने दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण क्षेत्रको चारकिल्ला वरिपरि सडक निर्माण तथा पहुंच मार्ग निर्माण गर्न र सो क्षेत्रमा पर्ने वन क्षेत्रको रुख कटानी सुरक्षा निगरानी लगायतका कार्यहरु नेपाली सेनाबाट २ वर्षभित्रमा सम्पन्न गर्ने समझदारीमा उल्लेख छ । समझदारीपत्र हस्ताक्षर भएको समारोहलाई सम्वोधन गर्दै माननीय मन्त्री श्री जितेन्द्र नारायण देवले राष्ट्रिय गौरवको आयोजना दोस्रो अन्तराष्ट्रिय विमानस्थल कार्यान्वयनलाई निर्माणको कार्यलाई उच्च महत्वका साथ अगाडी बढाउनु एउटा राष्ट्रिय कार्य भएको र आयोजना निर्माण सम्पन्न हुंदा समग्र राष्ट्रको आर्थिक सामाजिक रुपान्तरण हुने वताउनु भयो ।